श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१), (२), (३) र दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय मोरङ्ग सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. राजसभाका सम्मानित सदस्य भू.पू. न्यायाधीश श्री जयदेव भट्ट–अध्यक्ष

२. कन्जरभेटर, मेची, कोशी सर्कल कार्यालय– सदस्य

३. सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीश– सदस्य

१. उक्त विशेष अदालतलाई खण्ड ३१ अतिरिक्ताङ्क ६७ मिति २०३८।१२।१ मा नेपाल राजपत्र भाग ४ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना अनुसार गठित मोरङ्ग, सुन्सरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिको कार्यक्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेका वा पर्ने उजूरीहरू लिई कारवाई र किनारा गर्ने गरी सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गा सम्बन्धी तेरो मेरो, हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षापेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० अन्तर्गतका उजूरीहरू,

२. नेपाल राजपत्र भाग ३ मिति २०३६।४।७ को राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी त्यस जिल्लाको हकमा गठन गरिएको एक सदस्यीय वन संरक्षण विशेष अदालत सो विशेष अदालत कार्यरत रहुन्जेलसम्म उक्त अदालतको अधिकारक्षेत्रभित्र परेको उजूरीहरूसमेत लिई कारवाई र किनारा गर्न सुम्पिएको छ ।

९०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।